# गौमुल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**घटमुना बाजुरा**

**(यस कार्यालयबाट आव २०७५।०७६ मा हुने खरिद कार्यमा सहभागी हुन सूचिकृत हुने सूचना)**

***प्रथम पटक प्रकाशित मितिः२०७५ श्रावण ६ गते आईतबार***

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको आ .व. २०७५।०७६ मा खरिद सम्बन्धीका काम कारवाहीमा संलग्न हुन ईच्छुक योग्य फर्म, संघसंस्था वा व्यक्तीहरुलाई सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम सार्वजनिक निकायबाट सोही ऐनमा तोकीएबमोजिम खरिद सम्बन्धी कार्यको लागी सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृती अनुसार आपूर्तीकर्ता, निर्माण व्यावसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवाप्रदायकको छुट्टाछुट्टै सूचि तयार गर्नुपर्ने व्यवस्था भए बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायका शर्तहरुको अधारमा रही यस कार्यालयमा सूचिकृतको लागी आवेदन गर्न हुन अनुरोध गरिन्छ ।

(टंकनाथ खनाल)
प्रमुख प्रशासकीय अधिकृत

१. आवेदनसाथ पेश गर्नुपर्ने कागजातका प्रतिलिपिहरु

- आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नविकरण भएको ईजाजत पत्र ।
- मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र ।
- प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने अघिल्लो आर्थिक वर्ष (२०७४।०७५ को करचुक्ता प्रमाण पत्र ) कर विवरण बुझाई चुक्ता प्रमाण पत्र लिन बाँकी भए सम्बन्धित कर कार्यालयमा कर विवरण पेश भएको प्रमाण ।
- व्यक्तिको हकमा नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
- सूचिकृत हुन चाहेको समूहको कार्य सम्पादन गर्न योग्य सक्षम रहेको व्यहोरा खुल्ने कागजात वा प्रमाण ।

२. आवेदनमा कुनै सार्वजनिक निकायसँग सम्झौता भए बमोजिम सम्पादन गर्न जिम्मा लिएको काम अधुरो छोडी वा कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन बाँकी कर दस्तुर तथा दायित्व बाँकी नभएको एवं प्रचलित कानुन बमोजिम त्यस्तो काम गर्न प्रतिवन्ध नलागेको वा कालोसूचिमा नपरेको भनि आवेदकले गरेको घोषणा पत्र ।

३. यस सूचना बमोजिम सूचिकृत हूदैमा कुनै फर्म संघसंस्था वा ब्यक्ति कुनै सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकेको योग्यता पूरा नगरी खरिद सम्बन्धी कार्वाहीमा सहभागी हुन सक्दैन । मौजुदा सूचिमा सूचिकृत भएकाहरु मध्ये कार्यालयले आफ्नो अनुकुल हुने गरी खरिद कार्यमा सहभागी गराउन सक्नेछ ।

४. सूचिकृत भएको फर्म संघ संस्था वा ब्यक्तिले यस कार्यालयको खरिद सम्बन्धी कार्यमा संलग्न भएमा प्रचलित कानुन कमोजिम कर विजक जारी गर्नुपर्नेछ ।

५. सूचिकृत भएको फर्म, संघसंस्था वा ब्यक्तिले प्रचलित कानुन बमोजिम कुनै निकायमा सम्झौता गरी लिएको कुनै काम समयमै सम्पन्न नगरेको वा सही रुपमा नगरेको वा नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर तथा अन्य दायित्व नबुझाएको जानकारी सम्बन्धित निकायबाट प्राप्त भएमा जुनसुकै बखत सूचिबाट हटाउन सकिनेछ ।

६. यस सूचनामा नपरेको अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित प्रशासन सम्बन्धी कानुन बमोजिम हुनेछ ।

**(नोटः आवेदन फाराम र सूचिकृत हुन चाहेको समूहको विवरण यस कार्यालयको वेव साईट www.gaumulmun.gov.np तथा यस कार्यालयमा उपलब्ध छ ।)**

# गौमुल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घटमुना, बाजुरा
### खरिद सम्बन्धि काम कारवाहीका लागी सुचिकृत हुनुपर्ने समूहहरु २०७५।०७६

| समूह | सूचिकृत हुनु पर्ने कार्यहरु | संक्षिप्त ब्याख्या |
|---|---|---|
| A. | खरिद तथा आपूर्ति तर्फ | |
| A1 | स्टेशनरी तथा मसलन्द सामानहरु | कार्यालयको दैनिक कामकाजमा प्रयोग हुने पेपर, फाईल, कलम, पेन्सिल, स्टिच जस्ता स्टेशनरी तथा मसलन्द सामानहरु आपूर्ती गर्ने सम्बन्धी कार्यहरु |
| A2 | छपाई सम्बन्धी कार्यहरु | लेटरप्याड, रजिष्टर, विभिन्न फारामहरु, प्रतिवेदन तथा पुस्तक पत्रपत्रिका तथा बुलेटिन जस्ता प्रेस सम्बन्धी कार्यहरु |
| A3 | पत्रपत्रिका तथा पुस्तक सम्बन्धी कार्यहरु | प्रकाशित पत्रपत्रिका तथा पुस्तकहरु खरिद तथा एजेन्सी लिई विक्री वितरण गर्ने सम्बन्धी कार्यहरु |
| A4 | फर्निचर तथा फिक्चर्स सम्बन्धी | काठ, स्टील तथा प्लाष्टिकका फर्निचर र फिक्चर्समा पर्ने सामानहरु आपूर्ती गर्ने सम्बन्धी कार्यहरु |
| A5 | ईलेक्ट्रोनिक्स उपकरणहरु | टेलीफोन, कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेशिन, फ्याक्स मेशिन, यूपियस जस्ता उपकरणहरु सम्बन्धी कार्यहरु |
| A6 | सवारी साधान तथा सोका पार्टसपूर्जा सम्बन्धी | मोटरसाईकल तथा गाडीका टायर ट्यूव तथा अन्य पाट्सपूर्जाहरु आपूर्ती तथा फिटीङ्ग सम्बन्धी कार्यहरु |
| A7 | मेशीनरी तथा उपकरणहरु | ईलेक्ट्रोनिक्स समूहमा नपरेका अन्य उपकरणहरु सर्भे औजारहरु लगायत विभिन्न मेशसनरी उपकरणहरु र तिनका पाट्सहरु |
| A8 | विज्ञापन सूचना प्रकाशन तथा प्रशारण | रेडियो, टेलीभिजन तथा पत्रपत्रिका वा अन्य माध्यामबाट विज्ञापन तथा सूचनाको प्रकासन तथा प्रशारण गर्ने गराउने सम्बन्धी कार्यहरु |
| A9 | विद्युतीय सामानहरु | हिटर, पंखा, तार, स्वीच, विजुलीका बल्व, ट्यूवलाईट तथा विद्युतीकरणका लागी आवश्यक अन्य सामाग्रीहरु |
| A10 | कम्प्यूटर तथा सूचना प्रविधि सफ्टवेयर | कार्यालय सञ्चालन तथा सूचना तथ्याङ्क भण्डारण विश्लेषण तथा प्रतिवेदन जस्ता कार्य गर्न निर्मित कम्प्यूटर सफ्टवेयर प्रोग्रामहरुको आपूर्ती सम्बन्धी कार्यहरु |
| A11 | ईन्टरनेट तथा सञ्चार सेवा | सिधैं वा अन्य कम्पनीको मध्यस्थ भई प्रदान गर्ने ईन्टरनेट सेवा नोटिसबोर्ड सेवा वा टेलीफोन र सो सम्बन्धी अन्य कार्यहरु |
| A12 | औषधी तथा मेडिकल सामाग्री आपूर्ती | औषधी व्यवस्था विभाग, आयुर्वेद विभाग वा पशु सेवा विभागजस्ता नियमनकारी निकायबाट स्वीकृत भए बमोजिमका विभिन्न औषधिहरु, सर्जिकल्स सामानहरु, ल्याव रसायनहरु जस्ता मेडिकल सामाग्रीहरु आपूर्ती सम्बन्धी कार्यहरु |
| A13 | खानेपानी आपूर्ती तथा धारा जडान सम्बन्धी कार्यहरु | धारा जडान तथा जडान गर्दा गर्नुपर्ने पाईप फिटिङ्ग सम्बन्धी कार्यहरु |
| A14 | इन्धन तथा अन्य इन्धन आपूर्ती सम्बन्धी | ग्याँस, पेट्रोल, डिजल, मट्टीतेल, इन्भरटर, ब्याट्री, सोलार उपकरण आदि |
| A15 | लत्ता कपडा तथा ड्रेस आपूर्ती | कपडा निर्मित झोला, न्यानोझोला, सोफाको खोल तथा पर्दाहरु |
| A16 | सरसफाईका सामानहरु | शौचालय, धारा निर्माण एवं सरसफाईमा प्रयोग हुने विभिन्न उपकरण तथा सामाग्रीहरु |
| A17 | मर्मत सम्भार सेवाहरु | सवारी साधान, विभिन्न मेशिनरी तथा उपकरणहरुको मर्मत सम्बन्धी कार्यहरु |
| A18 | नेटवर्किङ्ग सम्बन्धी कार्यहरु | कम्प्यूटर नेटवर्किङ्ग सम्बन्धी कार्य र उक्त कार्यमा प्रयोगहुने साधान वा सेवाहरु |
| B. | परामर्श तथा अन्य सेवा तर्फ | |
| B1 | अध्ययन अनुसन्धान तथा अन्य परामर्श सम्बन्धी कार्यहरु | विभिन्न विषयमा हुने ईन्जिनीयरिङ्ग सर्भेक्षण अध्ययन अनुसन्धान तथा प्रतिवेदन तयारी सम्बन्धी कार्यहरु |
| B2 | सूचना प्रविधि साधानहरुको आवधिक मर्मत तथा मेन्टिनेन्स सम्बन्धी कार्यहरु | हार्डवेयर सर्भिसिङ्ग, मेन्टीनेन्स, सफ्टवेयर कस्टोमाईजेसन, टोनर रिफिलिङ्ग, आदी सम्बन्धी कार्यहरु |

| | | |
|---|---|---|
| **B3** | सफ्टवेयर निर्माण | विभिन्न प्रकारका सफ्टवेयर, एप्लिकेशन तथा वेभसाईट निर्माण सम्बन्धी कार्यहरु |
| **B4** | कुरियर सर्भिस | चिठ्ठीपत्र तथा स-साना पार्सल आदान प्रदान सम्बन्धी कार्यहरु |
| **B5** | कागजात अनुवाद सम्बन्धी कार्यहरु | नेपाली वा अंग्रेजी भाषाबाट एक अर्कोमा हुने एवं यी भाषाबाट स्थानीय मातृभाषामा हुने अनुवाद सम्बन्धी कार्यहरु |
| **B6** | डकुमेन्ट्री तथा बृतचित्र निर्माण | सार्वजिनक निकायको काम कारवाही झल्कने गरी निर्माण हुने श्रव्य तथा श्रव्यदृष्य सामाग्री रेडियो पत्रिका बृतचित्र आदि निर्माण सम्बन्धी कार्यहरु |
| **B7** | कार्यक्रम व्यवस्थापन | विभिन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया, छलफल तथा बैठकको सञ्चालन तथा व्यवस्थापनमा सहयोग सम्बन्धी कार्यहरु |
| **B8** | हवाई तथा अन्य यातायात (ट्राभल्स एजेन्सी) | हवाई टिकट बुकिङ्ग तथा जारी गर्ने अन्य यातायातका सवारी साधानहरुको सेवा उपलब्ध गराउने एजेन्सी सम्बन्धी कार्यहरु |
| **B9** | तथ्याङ्क प्रविष्टी तथा अद्यावधिक गर्ने कार्यहरु | अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहका लागी सार्वजनिक निकायको प्रणालीमा तथ्याङ्क प्रविष्टी गरी अद्यावधिक गर्ने प्रकारका सम्पूर्ण कार्यहरु |
| **B10** | रंगरोगन तथा सजावट सम्बन्धी कार्यहरु | भवन, झ्यालढोका, फर्निचर, काठ तथा विभिन्न संरचना र कम्पाउन्डमा रंगरोगन गर्ने तथा पर्दा, कार्पेटिङ्ग सम्न्धी कार्यहरु |
| **B11** | सार्वजनिक निकायहरुको लेखा परीक्षण सम्बन्धी | विद्यालय, सहकारी, सामुदायिक संस्था तथा अन्य समूहहरुको वार्षिक लेखा परीक्षण |
| **B12** | सेवा करार सम्बन्धी | व्यक्ती तथा संस्थाबाट लिइने सम्पूर्ण सेवा परामर्श अन्तर्गतका सम्पूर्ण कायहरु |
| **C.** | **गैर सरकारी संस्थाबाट प्रवाह हुने सेवा तर्फ** | |
| **C1** | जनचेतना अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु | नागरिक सचेतनाका लागी आयोजना गरिने चेतनामूलक कार्यक्रम, सडकनाटक, सार्वजनिक सुनुवाई जस्ता कार्यहरु |
| **C2** | अभिमुखिकरण सवलीकरण मूल प्रवाहीकरण जस्ता कार्यहरु | साक्षरता कक्षा, महिला, पीछडीएका वर्ग, जनजाती, तथा समुदायको सशक्तीकरण एवं मूल प्रवाहीकरणको लागी सञ्चालन हुने भेला, प्रशिक्षण, तालिम, गोष्ठी आदि सम्बन्धी कार्यहरु |
| **C3** | वन तथा वातावरण संरक्षण प्रबर्द्धन जस्ता कार्यक्रमहरु | वृक्षारोपण, विरुवा उत्पादन ,वन जङ्गल तथा वन्यजन्तुको संरक्षण, डढेलो नियन्त्रण, हरित विकास योजना कार्यान्वयन जस्ता कार्यहरु |
| **C4** | जनसहभागितामा प्रबर्द्धन गरी स्थानीय स्तरमा हुने निर्माण सम्बन्धी कार्यक्रमहरु | जनसहभागिता परिचालन गरी निर्माण हुने साना सिंचाई, तटबन्ध, ग्रामिण सडक निर्माण, सामुदायिक भवन निर्माणजस्ता स्थानीय स्तरमा हुने निर्माण कार्यक्रमहरु |
| **D.** | **निर्माण व्यवसाय तर्फ** | |
| **D1** | सार्वजनिक निर्माण तथा मर्मत सम्बन्धी कार्यहरु | भवन, सडक, सिंचाई, तटबन्ध, खानेपानी, योजनाजस्ता नयाँ संरचनाहरु निर्माण र निर्माणकै हैसियतमा मर्मतसम्भार गर्नुपर्ने सम्बन्धी कार्यहरु |
| **D2** | नर्सरी निर्माण तथा विरुवा उत्पादन र आपूर्ती | काँडेतार, पोलिथिन व्याग, बिउ, औजार, माटो तथा मल र उत्पादित विरुवा आपूर्ती सम्बन्धी कार्यहरु |
| **E.** | **अन्य** | |
| **E1** | अन्य सामाग्री तथा सेवा | माथिका समूह तथा उप समूहमा नपरेका र खरिद गर्नुअघी सूचिकृत गर्नुपर्ने प्रकारका वस्तु, सामाग्री वा सेवाहरु । यस समूहमा सूचिकृत हुने वा गराउने निकायले सम्बन्धित सेवाको स्पेसीफिकेशन खुलाई सूचिकृत हुनको लागी पेश गर्नु पर्नेछ । |

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू                                                  मितिः२०७५।४।.........

श्री गौमुल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घटमुना, बाजुरा।

**विषयः सूचिकृत गरिपाउँ ।**

प्रस्तुत विषयमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम त्यस कार्यालयमा सार्वजनिक निकायहरुबाट आ.व. २०७५।०७६ मा हुने खरिद मध्येबाट निम्न समूहमा सूचिकृत गरिदिन हुनका लागी निम्नानुसारका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको व्यहोरा अनुरोधछ ।

**सूचिकृत हुन चाहेको समूह (√ चिन्ह लगाउने)**

| समूह | छनौट | समूह | छनौट | समूह | छनौट | समूह | छनौट |
|---|---|---|---|---|---|---|---|
| A1 | | A10 | | B1 | | B10 | |
| A2 | | A11 | | B2 | | B11 | |
| A3 | | A12 | | B3 | | B12 | |
| A4 | | A13 | | B4 | | C1 | |
| A5 | | A14 | | B5 | | C2 | |
| A6 | | A15 | | B6 | | C3 | |
| A7 | | A16 | | B7 | | C4 | |
| A8 | | A17 | | B8 | | D1 | |
| A9 | | A18 | | B9 | | D2 | |
| | | | | | | E1 | |
| समूह E1 मा छनौट गर्नु भएमा कस्तो कामको लागी सूचिकृत हुन चाहेको हो संक्षेपमा लेख्नुहोस । <br>............................................................................................................................<br>............................................................................................................................ | | | | | | | |

म/मेरो फर्म/संस्था माथि उल्लेखित खरिद कारवाहीमा भाग लिन योग्य र पेशा व्यवसायगत कसुरमा कुनै सजायमा परेको छैन, कुनै सार्वजनिक निकायसँग सम्झौता गरी जिम्मा लिएको कुनै काम अधुरो छोडेको वा सम्झौता विपरित कार्य गरेको छैन , कुनै सार्वजनिक निकायमा तिर्नु बुझाउनु पर्ने कर दस्तुर तथा अन्य दायित्व बाँकी छैन भनि स्वघोषणा गर्दछु/गर्दछौं। यसमा लेखिएको ब्यहोरा झुटा ठहरेमा प्रचलित नेपाल कानुन बमोजिम कारवाही सहन मञ्जुर छ ।

आवेदकको नामः

ठेगानाः

दस्तखतः

स्थायी लेखा नम्वरः

मुख्य सम्पर्क व्यक्तीको नाम र सम्पर्क नः

ईमेलः

**संलग्न कागजातहरु**

१.

२.

३.

४.

५.

६

७

८